"पर्यटकीय नगरी"

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल।

प.सं. ०७६/७७ /प्रशासन
च.नं.

मितिः २०७६/१२/०९

सूर्योदय नगरपालिका
नगरकार्य पालिकाको कार्यालय
फिक्कल, इलाम
२०७३

## सूर्योदय नगरपालिकाको जनहितमा जारी अत्यन्त जरुरी सूचना

हाल विश्वमा फैलिरहेको कोरोना भाइरस (कोभिड-19) को संक्रमणबाट बच्न यस नगरपालिका क्षेत्रभित्रका सम्पुर्ण नगरवासीहरुमा तपशिल बमोजिम गर्नु गराउनु हुन र उच्च सतर्कता अपनाउनु हुन यस नगरपालिका हार्दिक अनुरोध सहित सवैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

### तपशिल

१. नगरवासीहरुले अत्यावश्यक कामकाजबाहेक अन्य कार्यका लागि घरबाट बाहिर ननिस्कनुहुन अनुरोध

२. नगर कार्यपालिकाबाट र वडा कार्यालयबाट प्रदान गरिने अत्यावश्यक सेवा (दमकल, फोहोरमैला व्यवस्थापन एवम् सरसफाई र स्वास्थ्य सम्बन्धी कार्य) बाहेक अन्य सम्पूर्ण कार्यहरु अर्को निर्देशन नभएसम्मको लागि हाललाई स्थगन गरिएको हुँदा सोही अनुसार गर्नु, गराउनु हुन।

३. सामाजिक, सांस्कृतिक कार्यहरुका लागि मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च, पार्टी प्यालेस लगायतका सार्वजानिक स्थलहरुमा कार्य नगर्न, नगराउनु हुन।

४. बजारमा विक्री गर्न राखिएका माछाहरुको सेवन नगर्नु हुन।

५. नगर क्षेत्रभित्रका आ-आफ्नो वडामा विदेशबाट फर्किएका व्यक्तिहरुको निगरानी गर्ने र कोरोनाबाट शंकास्पद देखिएमा त्यसता व्यक्तिहरुलाई तुरुन्त सुरक्षा निकायमा खबर गरी स्वास्थ्य केन्द्रमा लैजाने प्रवन्ध गर्नु हुन।

६. नियमित रुपमा आफ्नो घर, टोल, आँगन र घर वरिपरि सफा-सुग्घर गर्नु हुन।

७. प्रत्यके घर परिवारले सेल्फ क्वारेन्टाइनको लागि आवश्यक वन्दोवस्त गरी सम्भावित विपद् जोखिम न्यूनीकरणका लागि सहयोग पुर्याउनु हुन।

८. आ-आफ्नो टोल छिमेकमा मानिसहरुको जमघट हुने सार्वजानिक स्थलहरुमा राम्ररी सरसफाई एवम् एन्टिसेप्टिकको प्रयोग गरी सरसफाई गर्नु, गराउनु हुन।

९. नियमित रुपमा हरेक पटक कम्तिमा २० सेकेण्ड सम्म साबुन पानीले हात धुनु हुन, फोहोर हातले मुख, आँखा, नाक, नछुनु हुन।



२०७६/१२/९

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

।१। क्रमशः २ पेजमा।

प.सं. ०७६/७७ /प्रशासन
च.नं.

१०. कोरोना भाइरसका मुख्य लक्षणहरु: १००.४ डिग्री भन्दा बढी ज्वरो आउनु, सुख्खा खोकी र खोकी निरन्तर लाग्नु, स्वास फेर्न गाह्रो हुनु भएकोले यस्ता लक्षणहरु देखिएमा तुरुन्त अस्पताल लैजाने व्यवस्था मिलाउनु हुन र त्यस्ता लक्षण देखिएका व्यक्तिहरुसंग सम्पर्क गर्दा कम्तिमा एक मिटरको दुरीमा राख्न सवैलाई जानकारी गराउनु हुन र त्यस्तो अवस्था पालना भए नभएको निगरानी गर्नु हुन।

११. हाल बजारमा दैनिक उपभोग्य सामग्रीहरु (चामल, दाल, नुन, चिनी, खाने तेल, एल.पी.जी. ग्यास, आदी) सामग्रीहरु पर्याप्त मात्र रहेकोले आवश्यकताऐन्दा बाहेकका खाद्यान्न, दैनिक उपभोग्य सामग्री तथा नगद जम्मा गर्ने तथा भण्डारण नगर्नु नगराउनु हुन।

१२. संक्रामक कोरोना भाईरस स्वास्थ्य जाँचको क्रममा कसैलाई कोरोना भाइरस रोगको शंका लागेमा सो को व्यवस्थापनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपतकालीन तथा विपद् व्यवस्थापन इकाई, स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्रको सुझाब एवम् निर्देशन बमोजिम हटलाईन नम्बर ११९५/९८५१२५५८३४/९८५१२५५८३७/९८५१२५५८३९/०१-४२५०८४२/०१-४२५०८४५ मा सम्पर्क गर्नु गराउनु हुन।

१३. संक्रमक कोरोना भाईरसको शंका लागेमा वा थप कुरा बुझ्नु परेमा वा आवश्यक सुझाव सल्लाह लिनुपरेमा निम्न टेलिफोन नंबरमा तत्काल सम्पर्क गर्नु हुन अनुरोध छ। ९८४०५०६५५६/ ९८४२१०८५५४/ ९८४९१४२८४७/ ०२७-५२००७३६।

हाल विश्वभर फैलिएको महामारी कोरोना भाइरस (COVID-19) को सम्भावित जोखिमबाट वच्न यस सूर्योदय नगरपालिकाको मिति २०७६/१२/०९ मा बसेको नगरपालिका बाट निम्न निर्णयहरु भएको सोको जानकारी एवम् निर्णयहरुको अनिवार्य पालना गर्नु गराउनु हुन अनुरोध,

<u>निम्न</u>

१. अर्को व्यवस्था नभए सम्मको लागि साप्ताहिक हाट बजार बन्द गरिएको।

२. हेल्थ डेस्कमा स्वास्थ्यकर्मीहरुका अलवा अन्य कर्मचारीहरु समेत परिचालन गर्ने व्यवस्था मिलाइएको।

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

"पर्यटकीय नगरी"

# सूर्योदय नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल।

प.सं. ०७६/७७ /प्रशासन

च.नं.

३. मानेभञ्ज्याङ्ग लगायत छबिसे गोदामचौर समाल्बुङ्गमा आवश्यकतानुसार Health desk को व्यवस्था मिलाइएको।

४. प्रत्येक वडा र वडाकार्यालयहरुले विदेशबाट वडामा फर्किएका व्यक्तिहरुको विवरण लिखित रुपमा अध्यावधिक गरी आवश्यक रेखदेख तथा निगरानी गर्ने र सो को लागि संख्यात्मक विवरण दैनिक रुपमा न.पा.मा पठाउने व्यवस्था गरिएको।

५. कन्याम क्षेत्रमा अर्को व्यवस्था नभएसम्मको लागि सञ्चालित घोड चढी व्यवसाय र ट्रली व्यवसाय बन्द गरिएको।

६. कोरोना भाइरस संक्रमणबाट बच्ने उपाय सम्बन्धी सचेतना मुलक कार्यक्रम स्थानीय स्तरमा सामाजिक सञ्जाल र प्रचार मिडीया मार्फत गर्ने गराउने व्यवस्था गर्ने।

७. वडास्तरमा वडास्तरीय विपद् व्यवस्थापन समितिको वैठक बसी सम्भावित कोरोना भाइरसबाट बच्न आवश्यक निर्णयहरु तत्काल गरी वडास्तरीय विपद् व्यवस्थापन कार्यदल गठन गरी परिचालन गर्ने व्यवस्था गर्ने र सबै टोल विकास संस्थाका पदाधिकारीहरुलाई परिचालन गरी सूसुचित गराउने।

८. स्वास्थ्यकर्मीहरुलाई आवश्यक स्वास्थ्य उपकरणहरु मास्क उपलब्ध गराउने।

९. बजारमा खाद्यान्न लगायतका आवश्यक सामग्रीहरुको कृत्रिम अभाव सिर्जना हुन नदिन सबै व्यापारी तथा उद्योगपतिहरुलाई अनुरोध गर्ने र बजार अनुगमन गर्ने।

१०. सूर्योदय नगरपालिका क्षेत्रमा सम्भावित संक्रामक कोरोना भाइरसको रोकथामका लागि आवश्यक कार्यहरु गर्न र आवश्यक सुझाउ सल्लाह समन्वय र निर्देशनका लागि नगरप्रमुखको संयोजकत्वमा विभिन्न क्षेत्रका ११ सदस्यीय नगरस्तरीय समन्वय समिति गठन गरिएको र सम्वन्धित वडा अध्यक्षको संयोजकत्वमा पाँच सदस्यीय वडास्तरीय समन्वय समिति गठन गरिएको

**समभावित कोरोना भाइरसबाट बच्न पूर्व सतर्कता अपनाऔं । आफू पनि बचौं अरुलाई पनि बचाऔं।**

सूर्योदय नगरपालिका

२०७६।१२।६

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत




सम्पर्क: ०२७-५४०२१४, ५४०४७३
इमेल :suryodayamun@gmail.com, info@suryodayamun.gov.np | वेबसाइट :www.suryodayamun.gov.np